MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# एमसिए-नेपाल समाचारपत्र

अङ्क ४ २०७९ साल साउन - असोज

## विषय सूची


- कार्यक्रमहरू ३
- विद्युत् प्रसारण आयोजना ५
- सडक मर्मत आयोजना ९
- एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू ९
- सामुदायिक आवाज १०


अद्यावधिक जानकारीका लागि :



## एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस नेपाल भ्रमणमा



*एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस २०७९ साल असार १६ गते नेपालस्थित अमेरिकी दूतावासको युवा परिषद्का सदस्यहरूलाई सम्बोधन गर्नुहुँदै ।*

एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस २०७९ साल असार १४ देखि १८ गतेसम्म नेपाल भ्रमणमा रहनुभयो ।

नेपाल भ्रमणका क्रममा उहाँले एमसिए-नेपालका कर्मचारीरूसँग भेट गर्नुका साथै नेपालको ऊर्जा क्षेत्रमा कार्यरत महिलाहरू तथा अमेरिकी दूतावासको युवा परिषद् नेपालका सदस्यहरूसँग अन्तरक्रिया गर्नुभयो । यसैगरी सहकार्यका सम्भावित क्षेत्र पहिल्याउन एवं एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी प्रगति एवं विविध जानकारी आदानप्रदान गर्ने उद्देश्यले यूएसएआईडी, नेपालस्थित अमेरिकी दूतावास तथा एमसिए-नेपालबीच आयोजना गरिएको सञ्चार कार्यशालामा पनि उहाँले सहभागिता जनाउनुभएको थियो ।

### नेपालस्थित अमेरिकी दूतावासको युवा परिषद्सँग अन्तरक्रिया

नेपालस्थित अमेरिकी दूतावासको युवा परिषद्का सदस्यहरूको सहभागितामा २०७९ साल असार १६ गते आयोजना गरिएको एक कार्यक्रममा श्री हाउसले एमसीसी नेपाल कम्प्याक्टका उद्देश्य, अन्य राष्ट्रमा कार्यान्वयन गरिएका एमसीसी कार्यक्रमका सफलताका कथाहरू तथा पार दर्शिताप्रतिको एमसीसीको प्रतिबद्धताबारे प्रकाश पार्नुभएको थियो। यसैगरी उहाँले नेपालमा एमसीसीबारे छरिएका भ्रामक तथा गलत जानकारीसम्बन्धी पृष्ठभूमिलाई कोट्याउँदै सामाजिक सञ्जालमा राखिएका जानकारीलाई पुष्टि गरेर मात्र विश्वास गर्न युवा वर्गलाई प्रोत्साहित गर्नुभएको थियो ।

युवा सहभागीहरूले नेपालमा एमसीसीबाट आर्थिक सहयोग गरिएका आयोजनाहरूका विविध पक्ष तथा यिनीहरूसँग जोडिएका भ्रमबारे खुला रूपमा अन्तरक्रिया गरेका थिए। उनीहरूले यस कार्यक्रमविरुद्ध राजनैतिक दलका नेताहरूले नेपाली युवा वर्गलाई दिग्भ्रमित पार्नसक्ने सम्भावनाप्रति पनि चिन्ता व्यक्त गरेका थिए ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर बिष्टले कम्प्याक्ट अन्तर्गतका आयोजनाहरूका प्रमुख विशेषताहरूबारे प्रकाश पार्दै पाँच वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने अनिवार्यता रहेकोले नेपालमा कार्यान्वयन भइरहेका अन्य आयोजनाभन्दा यो कार्यक्रम भिन्न रहेको बताउनुभएको थियो ।



*एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस २०७९ साल असार १६ गते ऊर्जा क्षेत्रका महिलाहरूसँग आयोजना गरिएको एक बैठकमा सहभागी हुनुहुँदै ।*

श्री विष्टले एमसीसी नेपाल कम्प्याक्टका सम्बन्धमा फैलाइएका गलत तथा भ्रामक प्रचारको निस्तेजीकरणका लागि एमसिए-नेपालले विभिन्न पहल गरिरहेको उल्लेख गर्दै एमसिए-नेपालको वेबसाइटमा रहेका कार्यक्रमसम्बन्धी दस्तावेजहरू अध्ययन गर्न सहभागीहरूलाई प्रोत्साहित गर्नुभएको थियो ।

उक्त कार्यक्रममा देशभरिका करिव ३५ जना युवा परिषद् सदस्यले सहभागिता जनाएका थिए ।

### ऊर्जा क्षेत्रका महिलाहरूसँग बैठक

एमसीसीका उपाध्यक्ष श्री हाउस २०७९ साल असार १६ ऊर्जा क्षेत्रका महिलाहरूसँग आयो जना गरिएको एक बैठकमा सहभागी हुनुभयो । उक्त बैठकमा ऊर्जा क्षेत्रमा कार्यरत नेपाली महिलाहरूको प्रतिनिधिमूलक सहभागिता रहेको थियो ।

उक्त बैठकमा श्री हाउसले एसीसीले कम्प्याक्ट तथा ऊर्जा क्षेत्रमा महिलाको सहभागितालाई प्रोत्साहित गर्दै आएको उल्लेख गर्दै एमसीसीको लैङ्गिक एकीकरण मार्गनिर्देशिका अन्तर्गत सामाजिक तथा लैङ्गिक एकीकरण योजना अनिवार्य रूपमा तर्जुमा गर्नुपर्ने व्यवस्था भएको र एमसिए-नेपालका आयोजनाहरू उक्त मार्गनिर्देशिकाबाट पनि निर्देशित रहेको बताउनु भएको थियो ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले विद्युत् प्रसारण आयोजनाका विविध पक्षबारे प्रकाश पार्दै यसले नेपालको प्रसारण लाइन विकास योजनाको एक महत्वपूर्ण अंशका रूपमा कसरी योगदान गर्नेछ र अर्थतन्त्रलाई सघाउनेछ भन्नेबारे बताउनुभएको थियो ।

कार्यक्रमका सहभागीहरूले नेपाल ऊर्जाका सन्दर्भमा आत्मनिर्भर हुनुपर्ने र उत्पादित ऊर्जा निर्यात गर्ने वा अरुलाई बिक्री गर्नुभन्दा पनि आफ्नै देशमा उपयोग गर्नुपर्नेमा जोड दिएका थिए । मुद्रास्फिति तथा निर्माण सामग्रीको मूल्यवृद्धिका कारण आयोजनाको लागतमा पर्ने प्रभावबारे पनि सहभागीहरूले चासो व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग तथा निजी क्षेत्रका गरी करिब १५ जना महिलाहरू सहभागिता रहेको थियो ।

## उपाध्यक्ष हाउस रातमाटे सबस्टेशन निर्माणस्थलमा

एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस २०७९ साल असार १७ गते रातमाटे सबस्टेशन निर्माणस्थलमा रातमाटे जीविकोपार्जन पुन:स्थापना कार्यक्रमको कार्यान्वयन अवलोकन गर्नका लागि नुवाकोटको बेलकोटगढी-७ को स्थलगत भ्रमणमा जानुभयो ।

भ्रमणका क्रममा उहाँलाई नुवाकोटस्थित सप्रोस नेपालको कार्यालयमा रातमाटे जीविको पार्जन पुन:स्थापना कार्यक्रमको प्रगतिबारे अवगत गराइएको थियो । जीविकोपार्जन पुन:स्थापना कार्यक्रम भौतिक रूपमा विस्थापित व्यक्तिहरूका लागि उन्नत जीविकोपार्जन माध्यम सुनिश्चित गर्न अन्तरराष्ट्रिय मापदण्डमा आधारित पुनर्वास कार्ययोजनाको एक अभिन्न अङ्ग हो ।

उहाँले आयोजना प्रभावित परिवारहरूसँग अन्तरक्रिया पनि गर्नुभएको थियो ।



*एमसीसीका कङ्ग्रेसीय तथा सार्वजनिक मामिलासम्बन्धी उपाध्यक्ष आयसा हाउस २०७९ साल असार १७ गते रातमाटे सबस्टेशन निर्माणस्थलमा आयोजना प्रभावित परिवारहरूसँग कुराकानी गर्नुहुँदै ।*

# कार्यक्रमहरू

## सञ्चार माध्यमसँग जानकारीमूलक अन्तरक्रिया

एमसिए-नेपालले २०७९ साल भदौ २ गते सञ्चार माध्यमका लागि एक जानकारीमूलक अन्तरक्रिया आयोजना गर्‍यो ।

उक्त अन्तरक्रिया कार्यक्रममा आयोजना कार्यान्वयन स्थलमा पहुँच प्राप्त गर्नका लागि भइरहेको तयारी कार्य, निर्माण कार्य कार्यान्वयनमा प्रवेश गर्ने मिति तथा वित्तीय एवं खरिद प्रक्रिया एवं प्रणालीसम्बन्धी जानकारी सहभागी सञ्चारकर्मीहरूसमक्ष प्रस्तुत गरिएको थियो ।

कम्प्याक्ट कार्यान्वयनमा सघाउ पुर्‍याउने तथा निर्माण कार्य थालनीका लागि आवश्यक तयारी क्रियाकलापहरूले गति लिइरहेको तथ्यमाथि प्रकाश पार्दै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले ती क्रियाकलापमा वातावरणीय मूल्याङ्कन गर्ने, पुनर्वास कार्ययोजना तयार गर्ने तथा नेपाल सरकारका साझेदार निकायहरूसँग सहकार्य गर्ने जस्ता कार्य रहेको उल्लेख गर्नुभयो ।

कम्प्याक्टको सफल कार्यान्वयन सुनिश्चित गर्नका लागि कुनै पनि निर्माण कार्यलाई अगाडि बढाउनुभन्दा पहिले नै त्यससँग सम्बन्धित सम्पूर्ण मापदण्ड पूरा गरिएको सुनिश्चित गर्नका लागि ती क्रियाकलाप सञ्चालन भइरहेको जानकारी उहाँले गराउनुभयो । २०८० सालको भदौमा सम्पूर्ण निर्माण कार्य थाल्ने अर्थात् आयोजनाको कार्यान्वयन प्रारम्भ गर्ने लक्ष्य लिइएको छ ।

उक्त कार्यक्रममा एमसिए-नेपालका प्रमुख वित्त अधिकृत श्री निर्मल कुमार खतिवडा तथा कार्यक्रम खरिद व्यवस्थापक श्री महेन्द्र श्रेष्ठले क्रमशः एमसिए-नेपालको वित्तीय तथा खरिद प्रक्रिया एवं योजनाहरूबारे प्रकाश पार्नुभएको थियो ।




*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट २०७९ साल भदौ २ गते सञ्चार माध्यमका लागि आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा एमसिए-नेपालसम्बन्धी अद्यावधिक जानकारी प्रस्तुत गर्नुहुँदै ।*

अन्तरक्रियाका क्रममा सहभागी पत्रकारहरूले स्थानीय स्तरमा आयोजनाले सामना गर्नुपरेका चुनौतिहरू, कर उन्मुक्तिसम्बन्धी प्रावधानहरू, बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार तथा कम्प्याक्टको कार्यान्वयनपूर्वका प्रशासनिक खर्चहरू आदि विषयमा प्रश्न राखेका थिए ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री विष्टले सञ्चार माध्यमका प्रतिनिधिहरूबाट आएका प्रश्नको उत्तर दिनुभएको थियो । उहाँले देशभरि नै सबैजसो प्रसारण लाइनसम्बन्धी आयोजनाका निर्माण कार्यमा चुनौति रहेको यथार्थ पनि बताउनुभएको थियो ।

बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी मुद्दालाई स्पष्ट पार्दै उहाँले भन्नुभयो, "बौद्धिक सम्पत्तिसम्बन्धी कुनै समस्या नै छैन । कम्प्याक्टले नयाँ प्रविधि विकास गर्ने छैन, प्रयोगमा आइसकेका प्रविधिको पुनः प्रयोग गर्न मात्र लागेको हो । सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन जस्ता आयोजनासम्बन्धी केही दस्तावेज भने हुनेछन् र ती सबै दस्तावेज अनलाइनमा प्रकाशित गरिनेछन् । ती दस्तावेजमा एमसीसीलाई पहुँच हुनेछ तर ती दस्तावेजमाथिको स्वामित्व भने नेपाल सरकारमै रहनेछ ।"

विभिन्न सञ्चार माध्यमका ४३ जना प्रतिनिधिहरूको सहभागिता उक्त अर्द्ध दिवसीय सत्रमा सहभागीहरूलाई आफ्ना प्रश्न राख्ने र एमसीसी नेपाल कम्प्याक्टसम्बन्धी तथ्यगत जानकारी हासिल गर्ने अवसर प्राप्त भएको थियो ।



*अन्तरक्रिया कार्यक्रममा सहभागी सञ्चारकर्मीहरू ।*

# सम्भावित निर्माण व्यवसायीहरूसँग छलफल कार्यक्रम

एमसिए-नेपालले विद्युत् प्रसारण लाइन र सबस्टेसनको निर्माणका लागि सम्भावित निर्माण व्यवसायीहरूसँग २०७९ साल असोज ४ गते एक छलफल कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा करिब ३०० किलोमिटर लामो ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन र तीनवटा ४०० केभी क्षमताका सबस्टेसन डिजाइन, आपूर्ति र जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी विस्तृत जानकारी प्रदान गरिएको थियो । यसैगरी एमसिए-नेपालको खरिद प्रक्रिया, आधारभूत मान्यताहरू र मार्गनिर्देशिकाहरूबारे प्रकाश पारिएको थियो ।

उक्त कार्यक्रममा विभिन्न राष्ट्रिय एवं अन्तरराष्ट्रिय निर्माण कम्पनीका करिब एक सय जना प्रतिनिधिले प्रत्यक्ष तथा अनलाइन माध्यमबाट सहभागिता जनाएका थिए ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्टले विद्युत् प्रसारण लाइन र सबस्टेशनहरूको निर्माणमा सहभागी हुनु भनेको राष्ट्र निर्माणमा योगदान दिने अवसर भएको विचार व्यक्त गर्नुभयो ।

श्री विष्टले आयोजनाहरूको अद्यावधिक अवस्थाबारे प्रकाश पार्दै भन्नुभयो, "कम्प्याक्टको सफल कार्यान्वयन सुनिश्चित गर्नका लागि कुनै पनि निर्माण कार्यलाई अगाडि बढाउनुभन्दा पहिले नै यससँग सम्बन्धित सम्पूर्ण मापदण्ड पूरा गरिएको सुनिश्चित गर्नका लागि वातावरणीय मूल्याङ्कन, पुनर्वास कार्ययोजनाको तयारी तथा नेपाल सरकारका साझेदार निकायहरूसँग सहकार्य जस्ता कम्प्याक्ट कार्यान्वयनमा सघाउने क्रियाकलापहरू अगाडि बढिरहेका छन् ।"



*विद्युत् प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि सम्भावित निर्माण व्यवसायीहरूसँग २०७९ साल असोज ४ गते आयोजना गरिएको छलफल कार्यक्रममा सहभागीहरूका प्रश्नको उत्तर दिनुहुँदै एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - व्यवस्थापन श्रीमती शालिनी त्रिपाठी ।*

आगामी वर्षको भदौदेखि सम्पूर्ण निर्माण कार्य शुरु गरिने लक्ष्य लिइएको जानकारी पनि उहाँले प्रस्तुत गर्नुभयो ।

यसैगरी, नेपालका लागि एमसीसीका कार्यवाहक राष्ट्रिय निर्देशक श्री सञ्जय पौड्यालले गुणस्तरीय कामका आधारमा खरिद प्रक्रियामा सहभागी हुन सहभागीहरूलाई आह्वान गर्नुभयो ।

उहाँले भन्नुभयो, "एमसीसी कम्प्याक्टले कुनै एक राष्ट्रका कम्पनिबाट मात्रै खरिद गर्ने गर्दैन । यो अन्तरराष्ट्रिय दाबेदारहरूका लागि खुला छ । कम्प्याक्ट अन्तर्गतको बोलपत्र हाल्ने प्रक्रिया प्रतिस्पर्द्धामा आधारित प्रक्रिया हो र खुला प्रतिस्पर्द्धाका माध्यमबाट यसले अधिकतम पारदर्शिता र निष्पक्षता अपनाउँछ ।"

दुई सत्रमा बाँडिएको उक्त कार्यक्रमको पहिलो सत्र नेपालमा करिब ३०० किमि लामो ४०० केभी क्षमताको डी/सी प्रसारण लाइनको प्लाण्ट डिजाइन, आपूर्ति एवं जडान, परीक्षण तथा कार्य सम्पन्नतामा केन्द्रित रहेको थियो भने दोस्रो सत्र नेपालमा तीन वटा ४०० केभी क्षमताका सबस्टेशनको प्लाण्ट डिजाइन, आपूर्ति एवं जडान, परीक्षण तथा कार्य सम्पन्नतामा केन्द्रित रहेको थियो ।



*विद्युत् प्रसारण लाइन र सबस्टेसनको निर्माणका लागि सम्भावित निर्माण व्यवसायीहरूसँग २०७९ साल असोज ४ गते आयोजना गरिएका छलफल कार्यक्रममा एमसीसीको खरिद प्रक्रियासम्बन्धी जानकारी प्रस्तुत गर्नुहुँदै डीटी-ग्लोबलका खरिद एजेण्ट व्यवस्थापक श्री लुइस भिल्लाल्टा ।*

# विद्युत् प्रसारण आयोजना

## प्रसारण लाइनको प्रस्तावित मार्गको ३० किमि खण्डमा पैदल सर्वेक्षण

४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी तयारी कार्यको एक अंशका रूपमा एमसिए-नेपालको परामर्शदाता पीजीसीआईएल र जेड जेभीले विद्युत् प्रसारण लाइनको प्रस्तावित मार्गमध्ये करिब ३० किलोमिटर क्षेत्रमा पैदल सर्वेक्षण कार्य सम्पन्न गरेका छन् ।

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको निष्कर्ष अनुरूप आयोजना प्रभावित व्यक्तिहरूका गुनासा सम्बोधनका लागि थालिएको प्रसारण लाइनको ३० किमि खण्डको विस्तृत पुनःसर्वेक्षणपूर्व उक्त पैदल सर्वेक्षण गरिएको हो ।

उक्त सर्वेक्षण २०७९ साल असार १६ गतेदेखि २७ गतेसम्म गरिएको थियो ।

उक्त सर्वेक्षणको निष्कर्षका आधारमा वैकल्पिक मार्ग प्रस्ताव गर्न लागिएको छ ।



*विद्युत् प्रसारण लाइनको प्रस्तावित मार्गमध्ये करिब ३० किलोमिटर क्षेत्रमा पैदल सर्वेक्षण कार्य गर्दै एमसिए-नेपाल टोली ।*

## जीविकोपार्जन पुनःस्थापना कार्यक्रमसम्बन्धी जिल्लास्तरीय थालनी बैठक



*नुवाकोटको विदुर नगरपालिकामा २०७९ साल असार २७ गते आयोजना गरिएको रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमसम्बन्धी जिल्लास्तरीय थालनी बैठक ।*

रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमसम्बन्धी जिल्लास्तरीय थालनी बैठक नुवाकोटको विदुर नगरपालिकामा २०७९ साल असार २७ गते आयोजना गरिएको छ ।

उक्त बैठकको उद्देश्य जिल्लास्तरीय सरोकारवालाहरूलाई रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको कार्यान्वयनसम्बन्धी लक्ष्य, उद्देश्य, दृष्टिकोण, विधि तथा योजनाबारे जानकारी गराउनु र उक्त पहलको कार्यान्वयन तथा दिगोपनाका लागि उनीहरूको समर्थन प्राप्त गर्नु रहेको थियो ।

जिल्ला समन्वय समिति, नुवाकोटका प्रमुख, उप-प्रमुख एवं सदस्यहरू, बेलकोटगढी नगरपालिकाका प्रमुख, नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, नुवाकोटस्थित नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बलका प्रमुख तथा जिल्लास्थित सरकारी कार्यालयहरूका प्रमुखहरूको उपस्थिति उक्त बैठकमा रहेको थियो ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट तथा सप्रोस नेपालका कार्यकारी निर्देशक श्री सुनित अधिकारीले सहभागीहरूका प्रश्न तथा चासोहरूको सम्बोधन गर्नुभएको थियो ।

# नवनिर्वाचित स्थानीय जनप्रतिनिधिहरूसँग अन्तरक्रिया

एमसिए-नेपालले निर्माण गर्ने ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइनको पैदल पुन: सर्वेक्षण गर्नुपूर्व तनहुँ जिल्लाको घिरिङ गाउँपालिका भएर जाने खण्डको भोगाधिकारबारे छलफल गर्न नवनिर्वाचित जनप्रतिनिधि र स्थानीय अधिकारीहरूसँग एक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

उक्त अन्तरक्रिया कार्यक्रम २०७९ साल साउन ९ गते आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका उप-प्रमुख श्री वासुदेव थापा, घिरिङ गाउँपालिकाका अध्यक्ष श्री होमबहादुर थापा, घिरिङ गाउँपालिकाकी उपाध्यक्ष श्री राधादेवी अधिकारी, घिरिङ गाउँपालिका वडा नं १ का अध्यक्ष श्री रविचन्द्र घोरासिनी, स्थानीय अधिकारीहरू र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको उपस्थिति थियो ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्टले उच्च क्षमताको विद्युत् प्रसारण लाइनको महत्व, यसबाट पर्ने सामाजिक एवं वातावरणीय प्रभाव, ती प्रभाव न्यूनीकरणका लागि एमसिए-नेपालले अपनाएका उपाय, आर्थिक लाभहरू तथा विभिन्न तथ्यहरूबारे जानकारी प्रस्तुत गर्नुभएको थियो ।



*तनहुँ जिल्लाको घिरिङ गाउँपालिकामा २०७९ साल साउन ९ गते आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा स्थानीय सरोकारवालाहरूसँग अन्तरक्रिया गर्नुहुँदै एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्ट ।*

# पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजना तर्जुमा एवं कार्यान्वयनसम्बन्धी सम्झौतामा हस्ताक्षर




*एमसिए-नेपाल र बोटेक बस्फरस टेक्निकल कन्सल्टिङ कर्पोरेसन, जिओइसी नेपाल प्रा.लि. र टोटल म्यानेजमेन्ट सर्भिसेज्सँगको सहकार्यमा एसए इन्फ्रास्ट्रक्चर कन्सल्टेन्ट्स प्रा.लि.सँग भएको पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजना तर्जुमा एवं कार्यान्वयनसम्बन्धी सम्झौता आदानप्रदान गरिँदै ।*

एमसिए-नेपालले निर्माण गर्ने विद्युत् प्रसारण लाइनका लागि पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजना तर्जुमा एवं कार्यान्वयनका लागि एमसिए-नेपाल र बोटेक बस्फरस टेक्निकल कन्सल्टिङ कर्पोरेसन, जिओइसी नेपाल प्रा.लि. र टोटल म्यानेजमेन्ट सर्भिसेज्सँगको सहकार्यमा एसए इन्फ्रास्ट्रक्चर कन्सल्टेन्ट्स प्रा.लि.बीच सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौतामा २०७९ साल भदौ १३ गते हस्ताक्षर गरिएको थियो ।

आयोजना प्रभावित व्यक्तिहरूको अस्वेच्छिक पुनर्वासका कारण उनीहरूको जीविकोपार्जनमा कुनै नकारात्मक प्रभाव पर्न नदिन र/वा पर्नसक्ने प्रभावलाई न्यूनीकरण गर्न एमसिए-नेपालले छनोट भएका परामर्शदातृ संस्थाहरूसँग काम गर्नेछ ।

# गुनासो सम्बोधनका लागि वडाहरूमा परामर्श बैठक



नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाको वडा नं. ५ का वडा सदस्य श्री गोकर्ण नेपाल २०७९ साल भदौ १ गते आयोजना गरिएको वडास्तरीय परामर्श बैठकमा आफ्नो विचार राख्नुहुँदै ।



धादिङ जिल्लाको गजुरी गाउँपालिकाको वडा नं. ११ का वडाध्यक्ष श्री द्रोण कँडेल २०७९ साल भदौ २ गते आयोजना गरिएको वडास्तरीय परामर्श बैठकमा आफ्नो विचार राख्नुहुँदै ।

एमसिए-नेपालले निर्माण गर्न लागेको विद्युत् प्रसारण लाइनका लागि प्रस्तावित मार्गमध्ये ३० किमि खण्डका आयोजना प्रभावित व्यक्तिहरूको गुनासो सम्बोधन गर्नका लागि वडास्तरीय परामर्श बैठकहरू आयोजना गरिएको छ । हाल उक्त खण्डको पुनःसर्वेक्षण गरिँदैछ ।

नुवाकोट जिल्लाका पञ्चकन्या गाउँपालिकाको वडा नं. ५ र लिखु गाउँपालिकाको वडा नं. ६ मा २०७९ साल साउन ३१ गते, नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकाको वडा नं. ५ र ७ मा भदौ १ गते एवं धादिङ जिल्लाका गजुरी गाउँपालिकाको वडा नं. २ र सिद्धलेक गाउँपालिकाको वडा नं. ६ मा भदौ २ गते छलफल कार्यक्रम गरिएको थियो ।

यसैगरी तनहुँ जिल्लाको घिरिङ गाउँपालिकाको वडा नं. १ मा भदौ ९ गते, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको रामग्राम नगरपालिकाको वडा नं. १७ र सुनवल नगरपालिकाको वडा नं. १३ मा भदौ १० गते एवं मकवानपुर जिल्लाको हेटौंडा उप-महानगरपालिकाको वडा नं. १० र ११ मा भदौ ११ गते छलफल गरिएको थियो ।

ती अन्तरक्रिया कार्यक्रममा सम्बन्धित वडाका वडाध्यक्षहरू, वडा सदस्यहरू तथा आयोजना प्रभावित व्यक्तिहरूको सहभागिता थियो ।



तनहुँ जिल्लाको घिरिङ गाउँपालिकाको वडा नं. १ मा २०७९ साल भदौ ९ गते आयोजना गरिएको परामर्श बैठकमा आफ्नो विचार राख्नुहुँदै उक्त वडाका वडाध्यक्ष श्री रविचन्द्र घोरासिनी ।




नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिकाको वडा नं. १३ मा २०७९ साल भदौ १० गते आयोजना गरिएको परामर्श बैठकमा आफ्नो विचार राख्नुहुँदै उक्त वडाका वडाध्यक्ष श्री कृष्णप्रसाद पौड्याल बगाले ।



मकवानपुर जिल्लाको हेटौंडा उप-महानगरपालिकाको वडा नं. १० मा २०७९ साल भदौ ११ गते आयोजना गरिएको परामर्श बैठकमा सहभागीहरू ।

# व्यावसायिक बेमौसमी तरकारी खेती तालिम



*एमसिए-नेपालका परामर्शदाता सप्रोस नेपालले नुवाकोटको बेलकोटगढी वडा नं. ७ मा २०७९ साल भदौ १९ देखि २१ गतेसम्म सञ्चालन गरेको व्यावसायिक तरकारी खेती तालिम ।*

एमसिए-नेपालले जीविकोपार्जन पुन:स्थापना कार्यक्रमको एक अंशका रूपमा ४०० केभी क्षमताको सबस्टेशन निर्माणस्थल नुवाकोटको बेलकोटगढी वडा नं. ७का आयोजना प्रभावित व्यक्तिहरूका लागि व्यावसायिक तरकारी खेती तालिम प्रदान गरेको छ ।

एमसिए-नेपालका परामर्शदाता सप्रोस नेपालले सहजीकरण गरेको उक्त तालिम कृषकको खेत विद्यालय मोडेलमा सञ्चालन गरिएको थियो र अधिकांश रूपमा खेतमै व्यावहारिक सत्र सञ्चालनमा केन्द्रित रहेको थियो ।

२०७९ साल भदौ १९ देखि २१ गतेसम्म सञ्चालन गरिएको उक्त तालिममा १५ जना आयोजना प्रभावित व्यक्तिहरू सहभागी भएका थिए। ३९ जना आयोजना प्रभावित व्यक्तिहरूले व्यावसायिक तरकारी खेतीलाई आफ्नो जीविकोपार्जन विकल्पका रूपमा छानेका छन् र उनीहरू सबैलाई क्रमैसँग उक्त प्रशिक्षण उपलब्ध गराइनेछ ।

जीविकोपार्जन पुनर्स्थापन कार्यक्रम विद्युत् प्रसारण आयोजना अन्तर्गतको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्ग हो र यसले सबस्टेसन निर्माण क्षेत्रबाट भौतिक रूपमा विस्थापित भएकाहरूका लागि उन्नत जीविकोपार्जन सुनिश्चित गर्दछ ।

# पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजनाको तयारी तथा कार्यान्वयन थालनी बैठक

विद्युत् प्रसारण लाइनको मार्गमा पर्ने प्रभावित व्यक्तिहरूका लागि पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजनाको तयारी तथा कार्यान्वयन थालनी बैठक २०७९ साल असोज १३ गते आयोजना गरिएको छ ।

नेपालका १० जिल्लामा निर्माण गरिने उक्त प्रसारण लाइनबाट प्रभावित व्यक्तिहरूको अस्वेच्छिक पुनर्वासका कारण उनीहरूको जीविकोपार्जनमा कुनै नकारात्मक प्रभाव पर्न नदिन र/वा पर्नसक्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजनाको तर्जुमा तथा कार्यान्वयनका लागि बोटेक बोस्फुरुस टेक्निकल कन्सल्टिङ कर्पोरेशन, जीओईसी नेपाल प्रालि र टोटल म्यानेजमेण्ट सर्भिसेज् प्रालिसँगको सहकार्यमा एसए इन्फ्रास्ट्रक्चर कल्सल्ट्याण्टस प्रालिलाई छनोट गरिएको छ ।



*२०७९ साल असोज १३ गते आयोजना गरिएको विद्युत् प्रसारण लाइनको मार्गमा पर्ने प्रभावित व्यक्तिहरूका लागि पुनर्वास कार्ययोजना एवं जीविकोपार्जन पुनर्स्थापना योजनाको तयारी तथा कार्यान्वयन थालनी बैठकमा सहभागीहरू ।*

# सडक मर्मत आयोजना

## धानखोला-शिवखोला खण्डमा सर्वेक्षण पुष्टीकरण

सडक मर्मत आयोजनाको प्रभाव निर्धारण गर्न २०७९ साल साउन ७ देखि ९ गतेसम्म एमसिए-नेपालले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत दाङ जिल्लाको धानखोला-शिवखोला खण्डमा सर्वेक्षण पुष्टीकरण कार्य सम्पन्न गरेको छ ।

उक्त प्रक्रियाका क्रममा एमसिए-नेपालले आयोजनाबाट प्रभावित हुने स्थानीय वासिन्दाहरूसँग छलफल पनि गरेको थियो ।

सर्वेक्षणको परिणाम अनुसार सडक मर्मत आयोजनामा कुल ४३ वटा निजी संरचना प्रभावित हुने देखिएको छ ।



*दाङ जिल्लाको धानखोला-शिवखोला खण्डमा सर्वेक्षण पुष्टीकरण कार्य गर्दै एमसिए-नेपाल र एमसीसीका प्रतिनिधिहरू ।*

## दाङमा सार्वजनिक सुनुवाइ



*सडक मर्मत आयोजना अन्तर्गत धानखोला-लमही सडक खण्डको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको एक अंशका रूपमा दाङ जिल्लाको गडवा गाउँपालिकाको कालाकातेमा आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रम ।*

एमसिए-नेपालले सडक मर्मत आयोजना अन्तर्गत दाङ जिल्लामा पर्ने ४० किमि लामो धानखोला-लमही सडक खण्डको मर्मत एवं स्तरोन्नतिको काम अगाडि बढाउन प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको एक अंशका रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रमहरू सम्पन्न गरेको छ ।

ती सार्वजनिक सुनुवाइ कार्यक्रम २०७९ साल भदौ १० देखि १२ गतेसम्म आयोजना गरिएका थिए ।

दाङ जिल्लाको राप्ती गाउँपालिकाको मसुरिया, गडवा गाउँपालिकाको कालाकाते र लमही नगरपालिकाको लमही, अर्घाखाँची जिल्लाको शीतगङ्गा नगरपालिकाको लाहापे र कपिलवस्तु जिल्लाको शिवराज नगरपालिकाको चन्द्रौटामा ती सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिएको थियो ।

सडक स्तरोन्नति गरिने नगरपालिकाहरूमा आयोजना गरिएका ती पाँच वटा कार्यक्रममा निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय निकायहरू एवं आयोजना प्रभावित क्षेत्रका सर्वसाधारणको सहभागिता रहेको थियो ।

# एमसीसी नेपाल कम्प्याक्ट तथ्यहरू

## एमसीसी नेपाल कम्प्याक्ट र जलवायु परिवर्तन

- निर्माणाधीन प्रसारण लाइनले नेपालमा भरपर्दो बिजुलीको उपलब्धतामा वृद्धि गर्नेछ र यसले गर्दा जैविक इन्धनमाथिको निर्भरतामा कमी आउनेछ ।
- सीमापार प्रसारण लाइनले क्षेत्रीय ऊर्जा व्यापारलाई सहजीकरण गर्नेछ र यसले गर्दा यस क्षेत्रमा हरित्गृह ग्यास उत्सर्जनमा कमी आउनेछ ।
- प्रसारण लाइन निर्माणका लागि काटिने प्रत्येक रुखको सोधभर्नाका रूपमा १० वटा रुख रोपिनेछ । यसले गर्दा 'कार्बन सिङ्क'का रूपमा परिचित वन क्षेत्र विस्तार हुनेछ ।
- सडक मर्मत आयोजना अन्तर्गत नेपालमा सडक मर्मतसम्बन्धी नयाँ प्रविधि प्रयोग हुन थालेपछि सडकको गुणस्तरमा वृद्धि भई सवारी साधनहरूले खपत गर्ने गरेको इन्धनको परिमाण घट्नेछ ।
- समग्र कार्यक्रमले हरित्गृह ग्यास उत्सर्जनमा कटौती गर्न सघाउ पुऱ्याउँदै स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्नेछ ।



# सामुदायिक आवाज

## व्यावसायिक तरकारी कृषक बन्दै विन्दमाया लामा

नुवाकोटको बेलकोटगढी नगरपालिका वडा नं. ७ को नन्दुटारकी श्रीमती विन्दमाया लामा रातमाटे सबस्टेशन निर्माणका लागि आफ्नो ११ आना (३३४.७५ वर्ग मिटर) जग्गा एमसिए-नेपालले अधिग्रहण गर्दा प्रारम्भिक रूपमा आफ्नो भविष्यबारे अन्योलमा पर्नुभएको थियो । अहिले भने उहाँ भिन्नै अनुभूति गरिरहनुभएको छ । उहाँलाई आफ्नो जीवनमा सकारात्मक परिवर्तन आउन लागेको लाग्न थालेको छ ।



*आफूले रोपेको काउलीको बिरुवा स्याहार्दै श्रीमती विन्दमाया लामा ।*

“एमसिए-नेपालले हाम्रो पारिवारिक जमिन लिएपछि हामीले जीविकोपार्जनका लागि के गर्ने होला भन्ने सोच्न समेत सकेकी थिइनँ । हामी त्यो जमिनमा धान तथा अन्य अन्न उमार्ने गर्थ्यौं । हाम्रो परिवारका लागि कमाइ गर्ने माध्यम त्यही एउटा थियो”, श्रीमती लामाले भन्नुभयो, “तर अहिले म खुशी छु किनभने त्यो जमिन अधिग्रहणमा परेबापत हामीले मुआब्जा पाउनुका अतिरिक्त एमसिए-नेपालको जीविकोपार्जन पुनःस्थापना कार्यक्रमले हामीलाई जीविकोपार्जन सीपहरू प्रदान गरेर पनि सहयोग गरिरहेको छ ।”



*चार दिने व्यावसायिक बेमौसमी तरकारी खेती तालिमका क्रममा अन्य सहभागीका साथमा श्रीमती विन्दमाया लामा ।*

विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण गर्न लागिएको रातमाटे सबस्टेशनबाट प्रभावित श्रीमती लामा एमसिए-नेपालको परामर्शदाता सप्रोस नेपालले नुवाकोटमा सञ्चालन गरिरहेको व्यावसायिक बेमौसमी तरकारी खेती तालिमबाट लाभान्वित हुनुभएको छ ।

“उक्त तालिममा सहभागी हुन पाएकोमा म निकै खुशी छु । व्यावसायिक बेमौसमी तरकारी खेतीसम्बन्धी नयाँ नयाँ सीप तथा प्रविधि हामीलाई सिकाइएको छ । हामीलाई काउली, बन्दा, खुर्सानी तथा चारै मौसममा लगाउन सकिने सिमिको बिउ पनि दिइएको छ ।”

उहाँले अगाडि थप्नुभयो, “हामीले हाम्रो घर नजिकै साढे चार आना (१४०.६ वर्ग मिटर) जग्गा भाडामा लिएर व्यावसायिक तरकारी खेती शुरु पनि गरिसकेका छौं ।”



*श्रीमती विन्दमाया लामा (दायाँबाट दोस्री) नर्सरी ब्याड तयार गर्ने सीप सिक्नुहुदै ।*

उहाँ हिजो आज तालिममा सिकेका ज्ञान तथा सीप उपयोग गरेर दिनहुँ विभिन्न तरकारीका करिब एक हजार बिरुवाको हेरविचार गर्दै हुनुहुन्छ ।

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम प्रभावित व्यक्तिहरूको हितमा रहेको विचार व्यक्त गर्दै उहाँ भन्नुहुन्छ, “सामान्यतया जग्गा अधिग्रहण प्रक्रियाका कारण प्रभावित व्यक्तिहरू विचल्लीमा पर्दछन् तर रातमाटेमा अपनाइएको प्रक्रियामा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमलाई पनि समावेश गरिएको छ र यसले गर्दा प्रभावित व्यक्तिहरूको जीवनस्तर उकासिने सुनिश्चित भएको छ ।”

श्रीमती लामा मात्र नभई उहाँका श्रीमान दिनेश लामा पनि जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको योजना अनुसार जेसीबी अपरेटर तालिममा सहभागी हुनुहुँदैछ । यसले गर्दा उहाँहरू दुवै जनाको आय आर्जन क्षमतामा अभिवृद्धि हुँदैछ ।

**सम्पर्कका लागि :**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरवार मार्ग, काठमाडौं, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org

*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*